**MEDHA Vol. VIII(II), 2026, ISSN: 2382-5146**

# ‘दोस्रो सत्ता’ कथामा आमूल नारीवाद

**सरिता जोशी**

विद्यावारिधि, शोधार्थी सुदूरपश्चिम विश्वविद्यालय

Email: Saritajoshi330@gmail.com

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेख कथाकार इन्दिरा प्रसाइद्धारा लेखिएको ‘दोस्रो सत्ता’ कथामा व्यक्त नारीवादी समालोचना सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यसका निम्ति पाश्चात्य साहित्यको आमूल नारीवादी समालोचना सिद्धान्तको उपयोग गरिएको छ । यसमा ‘दोस्रो सत्ता’ कथामा प्रयुक्त आमूल नारीवादी चेतनालाई शोध समस्याका रूपमा लिइएको छ । आमूल नारीवाद नारीवादी समालोचना सिद्धान्तअन्तर्गत रहेको एक महत्त्वपूर्ण पक्ष हो । ‘दोस्रो सत्ता’ कथामा आमूल नारीवादको अभिव्यक्ति के कसरी प्रकट भएको छ भन्ने प्राज्ञिक समस्याको निरूपण गर्नु प्रस्तुत आलेखको उद्देश्य रहेको छ । गुणात्मक अनुसन्धान ढाँचा तथा विश्लेषण विधिको प्रयोग गरिएको यस आलेखमा पुस्तकालयीय स्रोतअन्तर्गत रही ‘दोस्रो सत्ता’ कथालाई प्राथमिक सामग्री र सम्बद्ध रहेका अन्य सामग्रीलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको छ । प्रस्तुत आलेखमा उक्त कथामा निहित आमूल नारीवादको निर्क्योल गरिएको छ । कथामा आमा पुस्ताले भोग्नुपरेको लैङ्गिक उत्पीडन र शोषणको तथा छोरी पुस्ताले पुरुषसत्ताका विरुद्ध गरेको प्रतिशोधको बारेमा विमर्श गरिएको छ । आजका नारीहरू पुरुषहरूद्वारा शासितमात्र छैनन्, पुरुषहरूमाथि शासन पनि गरिरहेका छन्, आलेखमा एकातिर पितृसत्ताको चङ्गुलमा बाँच्न बाध्य नारीहरूको जीवन भोगाईमा आधारित रही विश्लेषण गरिएको छ भने अर्कातिर पितृसत्तात्मक समाजको विभेदकारी मूल्य, मान्यता र संस्कारको विरुद्धमा उभिएर आफ्नो सत्ता निर्माणका लागि र नारी मुक्तिका लागि आवाज उठाइएको पक्षको अध्ययन गरिएको छ । विगतमा नारीमाथि गरिएको लैङ्गिक विभेद र उत्पीडनको विश्लेषण गर्दै समाजमा वर्चश्व कायम राख्दै आएका पुरुष एकाधिकारको भञ्जन गरी नारीसत्ता कायम गर्नका लागि नारीहरूको भूमिका महत्त्वपूर्ण रहेको मूल प्राप्ति प्रस्तुत गरी निष्कर्षमा पुगिएको छ ।

*शब्दकुञ्जी* : अधीनस्थ, आघात, दासत्व, प्रभुत्व, भञ्जन, विभेद

Article's information : Manuscript received : 2026/01/10, Date of review : 2026/02/28, Date of manuscript acceptance 2026/03/20 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar

DOI : https://doi.org/10.3126/medha.v8i2.92602

Homepage : https://www.nepjol.info/index.php/medha Copy right (c) 2025 @ Medha Journal. This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेखमा ‘दोस्रो सत्ता’ कथामा प्रयुक्त आमूल नारीवादलाई शोधको प्रमुख विषयका रूपमा लिई त्यसको विश्लेषण गरिएको छ । पुरुष वर्चश्व र आमूल नारीवादी परिवर्तनका निम्ति कस्ता प्रकारको उपकरणको प्रयोग परिवार र समाजमा गर्ने गरिएको छ भन्ने विषयको विश्लेषणमा शोध केन्द्रित रहेको छ । नेपाली समाजमा विद्यमान रहेको पुरुषसत्ताको अवस्था, रुढीवादी, परम्परागत लैङ्कि विभेद, अन्धविश्वास, असमानता, नारीमाथि हुने हिंसा, अन्याय, अत्याचारलाई मूलभुत विषयवस्तु बनाएर कथा सिर्जना गर्ने इन्दिरा प्रसाईँ सशक्त नारीवादी कथाकार हुन् । बहुआयामिक व्यक्तित्व, प्रसाईँ कथाकार, उपन्यासकार, सम्पादक, अनुवादक, प्रकाशक, कवि र निबन्धकार पनि हुन् । खण्डकाव्य, उपन्यास, लामा कविता, निबन्ध, समालोचना लेखनमा अग्रसर प्रसाईँको महत्त्वपूर्ण कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । यसरी नेपाली साहित्य जगत्की साधक र नारीवादी विचार वा धारणाकी पक्षधर इन्दिरा प्रसाईँ (वि.सं.२०१४) आधुनिक कथा लेखनका क्षेत्रमा सशक्त नाम हो । आधुनिक नेपाली साहित्यमा समानतामूलक स्वर उजागर गरी साहित्य

सिर्जना गर्ने इन्दिरा प्रसाईँको 'दोस्रो सत्ता' कथामा मूलभूत रूपमा नारीवादी प्रवृत्ति देखिएको छ । *विश्वनारी* कथासङ्ग्रहभित्र सङ्ग्रहित यस कथामा एकातिर समाजमा विद्यमान रहेको लैङ्गिक विभेदको अवस्था, पुरुषले नारीमाथि गर्ने दमन, बालविवाह, विवाहेत्तर सम्बन्ध, पुरुष नै शासक र केन्द्रमा रहने पुरुषले नारीमाथि गर्ने दमन, अन्याय, अत्याचारलाई देखाइएको छ । नारीहरू अबला, कमजोर रहेका छैनन्, वर्तमान समयका दोस्रो पुस्ताका नारीहरू ती घटना, विषय र आचरणविरुद्ध आक्रोश व्यक्त गरेको र नारी पनि पुरुषजत्तिकै स्वतन्त्र हुन सक्छन् भन्ने विचारलाई अर्कातिर सशक्त रूपमा देखाइएको छ । उग्र तथा आमूल नारीवादको केन्द्रमा रहेर लेखिएको 'दोस्रो सत्ता' कथा नारीवादी विचार, सिद्धान्त र चिन्तनमा मात्रै सिमित नभएर पुरुषसत्ताप्रतिको सकारात्मक विद्रोह हो र समाजमा वर्चश्व र प्रभुत्व कायम राख्दै आएका पुरुष एकाधिकारको भञ्जन गर्ने विचार बोकेको कथा हो ।

'दोस्रो सत्ता' कथामा पुरुषसत्तात्मक समाजका नारीहरूका दुःख, पीडा, व्यथा, र पुरुषले गर्ने एकभन्दा बढी वैवाहिक सम्बन्धले नारीमाथि पर्ने आघातको उद्घाटन र त्यसलाई सहर्ष रूपमा स्वीकार गरेको विचार एकातिर देखिएको छ । अर्कोतिर, नयाँ पुस्ताका नारी अब अबला र कमजोर छैनन्, चारपर्खाल र पुरुषका काडेतारभित्र मात्र सिमित हुँदैनन्, आफ्नो हक अधिकार र स्वतन्त्रताका लागि शोषित र पिडित नभएर शोषक र पीडकविरुद्ध विद्रोह गर्नुपर्ने विचार प्रस्तुत गरिएको छ । पुरुष प्रभुत्वको विरोध, नारीहरूमा आएको क्रान्तिकारी चेतनाको प्रबलता, अन्याय र अत्याचार विरुद्ध विद्रोह गर्ने सामथ्र्य बोकेका कथाहरू वर्तमान परिप्रेक्षमा थुप्रै लेखिएका पाइन्छन्, र 'दोस्रो सत्ता' कथामा उग्र वा आमूल नारीवादी सिद्धान्तमा आधारित रहेर पाठको व्याख्या, वर्णन, विश्लेषण गरिएको छ । आवधिक पत्रमा उत्तरआधुनिकतावाद अन्तर्गत पर्ने नारीवादका विभिन्न धारामध्ये उग्रनारीवादी धाराका मान्यताहरूको विश्लेषण गर्दै 'दोस्रो सत्ता' कथामा कसरी प्रस्तुत गरिएको छ भन्ने सन्दर्भलाई देखाइएको छ । कथामा नारी अस्तित्व, नारी विद्रोह, नारी स्वतन्त्रता, लैङ्गिक असमानता र नारी प्रभुत्व कसरी कायम गरिएको छ भन्ने देखाउन खोजिएको छ । इन्दिरा प्रसाईँद्वारा लेखिएको 'दोस्रो सत्ता' कथा नारीको जीवन भोगाई र त्यसले नारीमा जन्माएको विद्रोहको चित्रण गरिएको कथा उग्र वा आमूल नारीवादी दृष्टिकोणले पठनीय देखिन्छ । 'दोस्रो सत्ता' कथाको अन्य दृष्टिकोणबाट अध्ययन विश्लेषण गरिएको पाइएतापनि उग्र वा आमूल नारीवादी दृष्टिले नारी विद्रोहको आधारमा अध्ययन, विश्लेषण भएको पाइदैंन । यसै रिक्तताको परिपूर्तिका लागि यो अध्ययन गरिएको छ ।

**समस्या र उद्देश्य**

प्रस्तुत अध्ययन 'दोस्रो सत्ता' कथामा नारी विद्रोहको मूल समस्यामा केन्द्रित रहेको छ, यस मूल समस्यासँग सम्बन्धित भएर आउने शोध्यप्रश्नहरू यस प्रकार निर्धारण गरिएका छन् :

क) 'दोस्रो सत्ता' कथामा पुरुषप्रभुत्व के कस्तो छ ? ख)

ख) 'दोस्रो सत्ता' कथामा नारी विद्रोहको चित्रण कसरी गरिएको छ ?

ग) 'दोस्रो सत्ता' कथामा आमूल नारीवाद प्रस्तुतिको प्रयोजन के हो ?

उपर्युक्त शोध्यप्रश्नहरूको जिज्ञासाको अध्ययन गर्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य रहेको छ, यिनै मुख्य उद्देश्यलाई परिपुर्ति गर्नका लागि निम्नानुसारका उद्देश्यहरू अवलम्बन गरिएका छन् :

क) 'दोस्रो सत्ता' कथामा देखिएको पुरुष प्रभुत्वको विश्लेषण गर्नु,

ख) 'दोस्रो सत्ता' कथामा नारी विद्रोहको विश्लेषण गर्नु ।

ग) 'दोस्रो सत्ता' कथामा आमूल नारीवाद प्रस्तुतिको प्रयोजन

'दोस्रो सत्ता' कथामा उग्र वा आमूल नारीवादमा केन्द्रित हुनु यस अध्ययनको सैद्धान्तिक सीमा हो भने अघिल्लो पुस्ताका नारी र पछिल्लो पुस्ताका नारीका बीचमा देखिएको फरक विचारको खोजी गर्नु कृतिगत सीमा हो ।

'दोस्रो सत्ता' कथामा केन्द्रित भएर अन्य विविध शीर्षक र विषयवस्तुको व्याख्या, विश्लेषण गर्न सकिने पर्याप्त आधार भएतापनि आलेखमा उग्र वा आमूल नारीवादको सैद्धान्तिक अवधारणा, मान्यता र दृष्टिकोणमा मात्र केन्द्रित रही 'दोस्रो सत्ता' कथाको विश्लेषण र मुल्याङ्कन गरिनुलाई यस अध्ययनको सीमाङ्कन मानिएको छ।

## औचित्य र महत्त्व

प्रस्तुत लेख 'दोस्रो सत्ता' कथामा आमूल नारीवाद विषयको अध्ययनमा केन्द्रित रहेको छ। नेपाली कथामा आमूल नारीवादको अध्ययन र अनुसन्धान सिमित मात्रामा भएको र प्राज्ञिक, शोधपरक अध्ययन अनुसन्धान नभएकोले शोधरिक्तता देखिएको छ र त्यही रिक्तताको परिपूर्तिका लागि यो अनुसन्धान आवश्यक देखिएको हो। नेपाली कथामा लैङ्गिक हिसाबले पुरुषसत्ताबाट शोषित, दमित, उपेक्षित र अधीनस्त बनाइएका नारीहरूको जीवनलाई कुन दृष्टिकोणले प्रस्तुत गरिएको छ र नारीले विद्रोह गरेर परिवार, समाज र राष्ट्रमा कस्तो स्थान उपलब्ध भएको छ भन्ने अध्ययन गरिएको छ। नारी प्रभुत्व, पुरुष प्रभुत्व, पुरुष वर्चश्व र आमूल नारीवादी परिवर्तनका निम्ति कस्ता प्रकारको उपकरणको प्रयोग परिवार र समाजमा गर्ने गरिएको छ भन्ने विषयको विश्लेषण समेत यसबाट स्पष्ट हुनेछ र आमूल नारीवाद सम्बन्धि रहेका द्विविधा र भ्रमहरूको पनि प्रस्तुत आलेखमा निराकरण गर्ने प्रयास गरिएको छ, यही आलेखको मूलभूत प्राप्ति हुनेछ। यस आलेखले नेपाली कथाको अध्ययनमा नयाँ आयाम थप्नुका साथै ती कथाहरूमा आमूल नारीवादको बारेमा जान्न चाहने पाठक तथा अध्येताका लागि उपयुक्त सामग्रीको काम गर्न सक्ने हुनाले यस आलेखको प्राज्ञिक औचित्य र महत्त्व रहेको छ।

## अध्ययन विधि

प्रस्तुत शोध साहित्यिक शोध भएकोले यो गुणात्मक प्रकृतिको छ, त्यसैले यहाँ मुख्यतः पाठ विश्लेषण विधिको उपयोग गरिएको छ। आलेखमा पुस्तकालयीय कार्यमार्फत सामग्री सङ्कलन गरी तिनको उपयोग गरिएको छ र प्राथमिक र द्वितीयक स्रोत सामग्री सङ्कलन गरी तिनको विश्लेषण गरिएको छ। विश्लेषणका निम्ति पाश्चात्य साहित्यको नारीवादी सैन्द्धान्तिक मान्यतालाई उपयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा 'दोस्रो सत्ता' कथालाई लिइएको छ भने उत्तरआधुनिक सिद्धान्तअन्तर्गत पर्ने नारीवादी पाश्चात्य दर्शन र सिद्धान्तसम्बन्धि लेखिएका पुस्तक, ई–पत्रिका, जर्नल र जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेखरचनालाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ। यसरी निगमनात्मक अनुसन्धान विधिलाई प्रयोग गरिएको विश्लेषणबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गरिएको छ।

## सैद्धान्तिक पर्याधार

आधुनिकताको विच्छेद र उत्कर्ष रूपलाई उत्तरआधुनिकता भनिन्छ। जसअन्तर्गत नयाँ मान्यता, नयाँ दृष्टिकोण र नवीन शैलीको प्रयोग गरिएको हुन्छ। परम्परागत शैलीहरू भत्काएर र मौलिकताबाट टाढा रहेर विश्रृङ्खलित रूपमा लेखिएको वाद नै उत्तरआधुनिकवाद हो। उत्तरआधुनिकतावादको स्वतन्त्र र निजी कुनै सिद्धान्त र मान्यता छैन। यो बहुलवादी सिद्धान्त हो। परम्परागत लेखन पद्धतिलाई भत्काएर नवीन शैलीको प्रयोग नै उत्तरआधुनिकतावादअन्तर्गत पर्ने एउटा महत्त्वपूर्ण सिद्धान्त नारीवादी सिद्धान्त हो। नारीलाई केन्द्रमा राखेर गरिने चिन्तन, विचारलाई नारीवाद भनिन्छ। पाश्चात्य जगत्बाट प्रादुर्भाव गरिएको नारीवादी चिन्तन र नारीवादी आन्दोलन समयक्रमसँगै साहित्य सिर्जना र समालोचना क्षेत्रमा देखा परेको वाद हो। नारीवादले नारीलाई पुरुषसत्तात्मक समाजमा आफ्नो अस्तित्वको पहिचान गर्न, नारीलाई मुक्ति दिन, विभेदपरक सामाजिक धरातलबाट माथि उठाउन र खासगरी आत्मनिर्भर बन्नका लागि जोड दिन्छ।

नारीवाद विचार, सिद्धान्त र चिन्तनमा मात्र सिमित नभएर पुरुषसत्ता प्रतिको सकारात्मक विद्रोह हो र समाजमा वर्चश्व कायम राख्दै आएका पुरुष एकाधिकारको भञ्जन गर्ने वाद पनि हो। सन् १७७६ को अमेरिकाली राज्यक्रान्ति र

१७८९ को फ्रान्सेली राज्यक्रान्तिबाट प्रारम्भ भएको नारीवादका प्रवर्तक र व्याख्याताहरू भर्जिनिया उल्फ, सिमोन द बुभा, केट मिलेर, एलन, सोभाल्टर, जुलिया, क्रिस्टिभा, एल.इरिगेनी आदि रहेका छन् । नारीवादी साहित्यिक समालोचनाले के छ भन्दा पनि के छैनको कोणबाट कुनै पनि कुराको विश्लेषण गर्छ । (गेरिन, सन् १९९९, पृ.१९६) समाजमा वर्गीय, जातीय विभेद टड्कारो रूपमा छ तर त्यो भन्दा पनि कैयौँ गुणा बढी पुरुष र नारीमा विभेद गरिएको छ, पुरुषसत्तात्मक समाजले नारीहरूलाई जहिल्यै पनि दोस्रो दर्जाको, तल्लो दर्जाको, कमजोर र निरीह मात्रै ठान्दै र व्यवहार गर्दै आएको पाइएको छ, यसको अध्ययन गर्ने वाद नै नारीवाद हो । मेरी डेलीले नारीवादले नारीहरूको ध्वंशात्मक छविमात्र प्रस्तुत नगरेर उनीहरूको आत्मसचेतना र पितृसत्तात्मकभन्दा राम्रो संसारको निर्माणकर्ताको छवि पनि प्रस्तुत गर्दछ भनेकी छन् (टुना, सन् १९९५, पृ.१३१) । यस कथनले नारीवादको स्वरूपलाई प्रकाश पार्न र यसको माकूल विशेषतालाई अभिव्यक्त गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

नारीवादी चिन्तन र व्याख्याताहरूले पुरुषसरह नारीले पनि अवसर र स्थान पाउनुपर्छ भन्ने कुरामा जोड दिएको पाइएको छ । यसै सन्दर्भमा ज्ञानु अधिकारी (२०६८) को भनाइ छ— नारीजातीका तर्फबाट बुझ्ने र बुझाउने तथा नारीहरूलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरुष एकाधिकारको भञ्जन गर्ने आन्दोलन नै नारीवाद हो (पृ. ३३) । नारीलाई जहिले पनि सीमान्तकृत, किनारीकृत, कमजोर र अवला ठानिएको हुन्छ । सदियौँदेखिका नारीमाथिका विभेदहरूको पर्खाल भत्काएर स्वतन्त्र, आत्मनिर्भर र स्वअस्तित्वका लागि पुरुषहरूको वर्चश्वको भञ्जन गर्दै नारी समान हक र अधिकारका लागि पश्चिमी मुलुकबाट सुरुवात गरिएको आन्दोलन नै नारीवाद हो । आमूल नारीवादका अनुसार पितृसत्ता भनेको पुरुष र पुरुषले प्रभुत्व जमाएका संगठनहरूले महिला विरुद्ध हिंसा गर्ने एउटा संस्था हो । सत्ता स्वार्थकै लागि नारीमाथि उत्पीडन गरिएको छ, सामाजिक, आर्थिक क्षेत्रमा पुरुषको एकाधिकार रहेकोले पुरुष र महिलाबीच सत्ता र संघर्ष चलिरहेको छ । यिनै पुरातनवादी विचारका विरुद्धको आन्दोलन नै नारीवाद हो समाज लोग्ने मान्छे र स्वास्नीमान्छेमा विभाजित छ, विपरित र स्वार्थका कारण दुई बिच सत्ता र संघर्षको सम्बन्ध छ । समाज आर्थिक पक्षमा नभएर पुरुष वर्ग र महिलावर्गमा विभाजित छ र संघर्ष पनि यसै अनुरूप हुन्छ भन्ने निचोड नै नारीवाद हो (बराल, २०७७, पृ. ८८) । नारीहरूलाई वैदिक समयदेखि धार्मिक, आर्थिक, सामाजिक र निर्णयक तहमा जहिल्यै पनि पछाडि पारिएको छ । घरायसी जिम्मेवारी र सन्तान उत्पादनमा समेत आफ्नै स्वतन्त्र निर्णय गर्ने सक्ने अवस्था दिइएको पाइँदैन, नारीहरूलाई घरेलु कामदार र किनारीकृत बनाएर उनीहरूको अस्तित्व नै धरापमा परेको छ । यही विभेदको विरुद्ध आन्दोलन गरी नारीहरूले स्वतन्त्र हक र अधिकार पाउनुपर्छ भनी पितृसत्ताको विरुद्ध उठेको आन्दोलन नै खास अर्थमा नारीवाद हो । नारीवादले नारीमाथि गरिने विभेद, दमन, शोषण र उत्पीडनको नारीको अस्तित्व र स्वतन्त्रताको खोजी गर्दछ र नारी र पुरुषबीच रहेको भेदभावको अन्त्यका लागि आवाज उठाँउछ ।

> वास्तवमा व्यक्ति, परिवार, समाज, राज्य र विश्वले महिला र पुरुषका बिचमा गरेको भेदभावको तिक्त प्रभावका विरुद्ध छेडिएको आन्दोलनको नाम नै नारीवाद हो, जसले सामाजिक परिवर्तनको अभियन्ताका रूपमा आफूलाई सक्रिय बनाउँदै ल्याएको छ । हजारौँ वर्षदेखि समाजमा व्याप्त पितृसत्ताका विरुद्ध उठेको एउटा आन्दोलनको नाम नै नारीवाद हो । (त्रिपाठी, २०७६, पृ. २१०–२११)

नारीवादी आन्दोलनको समयक्रमसँगै नवीन विशेषता, धारा र सम्प्रदायहरूको जन्म भएको पाइन्छ । नारीवादका प्रमुख धाराहरूमा उदार नारीवाद, उग्रनारीवाद, माक्र्सवाद वा समाजवादी नारीवाद र फ्रान्सेली नारीवाद पर्दछन् । महिलाहरूले सामाजिक, आर्थिक, लैङ्गिक, धार्मिक, रूपमा पुरुषवर्गको अधीनस्थ नभएर समान हैसियतमा स्व अस्तित्वकासाथ बाँच्न पाउनु पर्छ, नारी भएकै कारण कुनै पनि उत्पीडन स्वीकार गर्न नसकिने धारणा नारीवादीहरूको रहेको पाइन्छ । उग्र नारीवादले लैङ्गिक असमानता, वर्गीयताजस्ता पक्षबाट माथि उठेर पितृसत्ता र प्रभुत्वको भत्र्सना

गरेको देखिन्छ । पुरुषसत्ताले नारीमाथि यौन उत्पीडन, कुसंस्कार र घरेलु हिंसाले आतङ्कित गरेको आरोप नारीवादका पक्षधरहरूले लगाएका छन् । नारीवादले पुरुषसत्तात्मक सामाजिक संस्कार र व्यवहारको वा सामाजिक व्यवस्थाको विरुद्ध विद्रोह मात्र नभई परिवर्तन गर्नुपर्ने मान्यता राखेको देखिन्छ । पुरुषसत्तात्मक समाजमा स्थापित पुरुष केन्द्र र संरचनाहरू भत्काएर नारी केन्द्र वा नयाँ सामाजिक संरचनाको निर्माणमा नारीवादले जोड दिएको छ । पुरुष प्रभुत्व भएको समाजका व्यक्तिले नारीमाथि गर्ने शोषण, हिंसा र उत्पीडनका विरोधमा नारीवादले विद्रोह गरेको देखिएको छ । गोविन्दप्रसाद लुइटेल, उग्र नारीवादको बारेमा यसरी लेख्नुहुन्छ -

> उदारनारीवादभन्दा यो नितान्त भिन्न मान्यताका साथ देखापरेको छ । यसले समाजको आमूल परिवर्तन गर्ने उद्देश्य राख्दछ । यसले पितृसत्ताको निर्माण गरेका मुल्य, मान्यता एवंम आदर्शहरूको ध्वंस चाहन्छ । यहाँसम्म कि यसले लिङ्ग भिन्नताको जैविक आधारको समेत निन्दा गर्छ र विपरित–विपरित लिङ्गी समागम र नारीको प्रजनक भूमिकालाई नारीमाथि हुने अन्याय र असमानताको कारण मान्दछ । (घिमिरे, उदृत, २०६९, पृ. १५८)

उग्र नारीवादले समाजमा पुरुषकेन्द्रको भञ्जन गर्दै पुरातनवादी मूल्य, मान्यता, संस्कार र आचरणहरू भत्काएर नारी केन्द्रको स्थापना गर्ने मान्यता बोकेको हुन्छ । प्ा्रकृतिक, सामाजिक, धार्मिक, सांस्कृतिक रूपमा मात्रै नभएर नारी पुरुषमात्रको जैविक भिन्नताको पनि यसले घोर भत्सना र निन्दा गर्दछ र समाज परिवर्तनका लागि पितृसत्तात्मक जराहरू उखेल्नु पर्ने विचार व्यक्त गर्दछ । आमूल नारीवादका बारेमा सुधा त्रिपाठी लेख्नुहुन्छ; आमूल नारीवाद उदार एवं माक्र्सवादी नारीवादभन्दा फरक छ । यसले पुरुषको सार्वजनिक जीवनलाई खुला चुनौति दिएको छ । यसले महिलालाई पुरुषसँग सहकार्य गर्दै हिड्ने प्रवृत्तिलाई दिने प्रश्रयका सट्टा नारीको सकारात्मक मूल्यचाहिँ प्रदान गरेको छ (सन् २०१२, पृ. ९५) । नारी भएकै कारण कुनै पनि उत्पीडन स्वीकार गर्न नसकिने धारणा आमूल नारीवादीहरूको रहेको पाइएको छ । “आमूल नारीवादलाई अतिवादी नारीवाद वा उग्र नारीवाद भनिन्छ । आमूल नारीवादले नारीहरूका कानूनी अधिकार वा मताधिकारको आवाज उठाउन र यसको प्राप्तिलाई स्थापित गर्नुभन्दा पनि पितृसत्तात्मक व्यवस्थालाई अन्त्य गर्नेतिर आफूलाई केन्द्रित गरेको देखिन्छ । (अधिकारी, २०७७, पृ. ९४–९५) आमूल नारीवादीले लैङ्गिक समानता, वर्गीयताजस्ता पक्षबाट माथि उठेर पितृसत्ताको यौन प्रभुत्वको भत्र्सना गरेको देखिएको छ । पुरुष सत्ताले नारीमाथि यौन उत्पीडन, कुसंस्कार र घरेलु हिंसाले आतङ्कित गरेको आरोप आमूल नारीवादका पक्षधरहरूले लगाएका छन् । आमूल नारीवादले पुरुषसत्तात्मक सामाजिक संस्कार र व्यवहारको वा सामाजिक व्यवस्थाको विरुद्ध विद्रोह मात्र नभई आमूल परिवर्तन गर्नुपर्ने मान्यता राखेको देखिएको छ ।

पुरुष सत्तात्मक समाजमा स्थापित पुरुष केन्द्र र संरचनाहरू भत्काएर ध्वंस पारेर नारी केन्द्र वा नयाँ सामाजिक संरचनाको निर्माणमा उग्र नारीवादले जोड दिएको पाइन्छ । खासगरी महिलालाई पुरुषले गर्ने यौन उत्पीडन, यौन दुर्व्यवहार, बलत्कार जस्ता नारी हिंसाका स्वरूपहरूलाई र पुरुष धारणालाई बोकेको सामाजिक, आर्थिक, धार्मिक, व्यवस्थाको पूर्ण विरोध गरी नयाँ मान्यताहरू स्थापना गर्नुपर्ने विचार आमूल नारीवादीहरूले राखेको पाइएको छ र पुरुष प्रभूत्व भएको समाजका व्यक्तिले नारीमाथि गर्ने शोषण, हिंसा र उत्पीडनका विरोधमा उग्र वा आमूल नारीवादीले विद्रोह गरेको देखिएको छ । सामाजिक, धार्मिक र सांस्कृतिक मात्रै नभई जैविक रूपमा पनि विमति रहेको र समलिङ्गीय चेतनालाई प्राथमिक दृष्टिकोणले हेर्दै पुरुषसत्तात्मक प्रभूत्वलाई चुनौती दिनु आमूल नारीवादको महत्त्वपूर्ण मान्यता रहेको पाइएको छ । पुरुषको यौन उत्पीडनका विरुद्ध र पुरुषसत्तात्मक सामाजिक व्यवस्थाका विरुद्ध उग्र वा आमूल नारीवादको केन्द्रीय चिन्तनमा लेखिएकोले इन्दिरा प्रसाईँको ‘दोस्रो सत्ता’ कथा सबल र सशक्त देखिएको छ ।

**परिणाम र विमर्श**

प्रस्तुत 'दोस्रो सत्ता' कथामा आमा पुस्ताका नारीहरू जसरी दोस्रो पुस्ताका नारीहरू भोग्या, शासित, दमित, पिडित, सहनशील र पुरुषवर्गको अधिनस्त मात्र भएर अब बाच्न सक्दैनन् र चाहदैनन्। नारीहरूको पनि समाजमा स्वतन्त्र र निर्भिक भएर आफ्नो पूर्ण हक, अधिकारसहित बाँच्न पाउनुपर्ने सन्दर्भहरू कथामा उल्लेख गरिएको छ । आमूल नारीवादका समर्थकहरूले पुरुषको यौन प्रभुत्वको विरोध गरिएको पाइएको छ । पुरुषलाई शक्ति सञ्चालन र एकतर्फी रूपमा सत्ताधारी बन्नबाट वञ्चित गराउनु पर्दछ भन्ने मान्यता राखिएको छ । नारीले आफ्नो इच्छा वा अनिच्छाले पुरुषको प्रत्यक्ष सम्पर्कमा रही गर्भाधारण गर्नुपर्ने अवस्था थियो र पुरुषले महिलामाथि विविध कारणले आफ्नो ज्यादती र हैकम कायम राख्दै महिलाको शरीरमाथि मनपरी ढङ्गले शासन चलाउँथे । विज्ञान र प्रविधिको चरम विकाससँगै गर्भाधारणका लागि महिलाले पुरुषको प्रत्यक्ष शारीरिक सम्बन्धमा मात्र निर्भर रहनुपर्ने अवस्थाको अन्त्य भएसँगै महिलाहरू अलि खुकुलो अवस्था र स्वतन्त्रताको अनुभूति पाएका छन् । महिलाहरूमा प्राकृतिक रूपले नै प्रजनन अधिकार भएको र विज्ञान र प्रविधिको विकासले गर्भधारण प्रक्रियालाई झन् सजिलो बनाई दिएको कारण अबका महिलाहरू पुरुषमा आश्रित छैनन् । पुरुषभन्दा बढी शक्तिशाली, सक्षम, सचेत र चेतनशील भएर उनीहरूमाथि पनि शासन गर्न सक्छन् भन्दै मातृत्वको परम्परागत धारणाप्रति विमति राखेको पाइएको छ । यसरी 'दोस्रो सत्ता' कथामा आमूल नारीवादको स्वरूपलाई कथाकी मुख्य पात्र अमिताको माध्यमबाट नारीहरू पुरुषसत्ताको अधीनमा रहेर उत्पीडनहरू भोग्न चाहदैनन्, बरु पुरुष वर्गलाई पनि अधिनस्त बनाएर समानतामूलक समाजको खुलेरै स्थापना गर्न चाहेका छन् भन्ने सन्दर्भ कथामा मूलभुत रूपमा देखिएको छ ।

**'दोस्रो सत्ता' कथामा पुरुषप्रभुत्व र नारी प्रतिनिधित्वको अवस्था**

'दोस्रो सत्ता' कथामा पुरुषसत्तात्मक समाजका नारीहरूका दुःख, पीडा, व्यथा र पुरुषले गर्ने एकभन्दा बढी वैवाहिक सम्बन्धले नारीमाथि पर्ने वज्रपातको अध्ययन गरिएको छ । अर्को तर्फ नयाँ पुस्ताका नारीले नारी अब कमजोर, अवला र शोषित मात्र भएर बाँच्न चाहदैँनन्, शोषक, पीडक, सामन्ती र पुरुष सत्ताका विरुद्ध विद्रोह गर्नुपर्छ भन्ने मान्यता बोकेका छन् । पूर्णतः पुरुष प्रभुत्व र नारी विद्रोहलाई विषयवस्तु बनाएर लेखिएको 'दोस्रो सत्ता' कथामा नारीको जीवन भोगाई र त्यसले पुरुषसत्ताका विरुद्ध जन्माएको आक्रोश र विद्रोहको प्रस्तुति गरिएको छ ।

**पुरुष प्रभुत्व**

प्रस्तुत 'दोस्रो सत्ता' कथाकी प्रमुख नारीपात्र अमिता र उसकी आमाको दोहोरो संवाद प्रस्तुत गरेर कथानक अगाडी बढेको पाइन्छ । जसमा आमा पुरुषसत्ताको पक्षधर र पुरुषका उत्पीडनहरू सहर्ष स्वीकार गर्ने स्वभावकी छिन् भने छोरी अमिताले पुरुषसरह नारी पनि समान छन् भन्ने मान्यता प्रस्तुत गरेकी छिन् । अमिताले अन्य पुरुषहरूसँग बढाएको हिचमिच र सङ्गतले आमालाई असाध्यै पीडाबोध भएको पाइन्छ र पुजेर दिएको देवतुल्य ज्वाँइको आँसु लाग्ने भाव व्यक्त गरिएको छ । यसै प्रसङ्गमा अमिताले आमालाई सम्झाउँदै आमाको आफूप्रतिका असन्तुष्टिहरूको जवाफ दिदैँ भनेकी छिन् :

> तैपनि मैले मेरी आमालाई एउटा प्रश्न भने गरे ? आमा ! तपाईँ पनि देवीतुल्य हुनुहुन्थेन र ? अनि तपाईँका बाआमाले मेरा बुवालाई पुजेर नै तपाईँलाई जिम्मा लगाउनु भएको होइन र ? अनि तपाईँकी आमाका आँसु लागेर नै हो कि बुवा हाम्रो देशको ठूलाठूला ओहोदामा पुग्नु भएर अथाह सम्पत्ति आर्जन गर्दै पृथ्वीको हरेक सुख भोग्न सफल हुनुभएको पनि ? (पृ. ४४)

नारीलाई जहिले पनि पुरुषसत्ताले तल्लो दर्जाको, सीमान्तकृत, किनारीकृत पारिएको भएपनि वा श्रीमान् जस्तोसुकै आचरणको भएपनि श्रीमतीले भगवानसरह पुज्नुपर्ने कथित मान्यता पितृसत्तात्मक समाजमा चलिआएको छ । श्रीमान्ले

जतिसुकै दुःख, कष्ट दिए पनि नारीले आँसु पिउँदै चुपचाप सहनुपर्ने तर नारीले पुरुषसत्तात्मक समाजको अनुमतिवेगर १ इन्च तलमाथि गरेपनि श्रीमान्का आँसुले पोल्ने, सराप्ने कथित मान्यताको भ्रममा अमिताकी आमा बाँच्न विवश छिन्। श्रीमान्ले जस्तोसुकै काम र व्यवहार गरेर पनि संसारका हरेक सुखभोग गर्न सक्छन्, नारीहरूलाई त्यो अनुमति छैन भन्ने अमिताकी आमाको विचार प्रस्तुत साक्ष्यबाट पुष्टि हुन्छ।

> आफ्ना स्वर्गवासी पिताका बारेमा तिमी यस्तो कुरा नगर अमिता हेर उहाँ भनेको लोग्ने मान्छे, परापूर्वकालदेखि नै लोग्ने मानिसलाई मान्छेले एउटामात्रै गुँड बनाएनन्। समाजले पनि लोग्ने मानिसलाई केही भन्न सक्दैन। हामी भनेको स्वास्नी मानिस, लोग्ने मानिसलाइ लोग्नेको सत्तामा बसेर जीवन निर्वाह गर्नु पर्ने हाम्रो जात ! (पृ. ४५)

पुरुषहरू जस्तोसुकै अनैतिक, अव्यवहारिक र गैर जिम्मेवार भए पनि उनीहरूको बारेमा नराम्रो बोल्न नहुने र सोच्न नहुने धारणा आमाले प्रस्तुत गरेकी छिन्। लोग्ने मान्छेले एउटै घरमा एउटै श्रीमतीसँगमात्र बस्नुपर्ने, निमय र संस्कार समाजमा नरहेको र चराकोजस्तै मनलाग्दी तरिकाले गुँड बनाउँदै हिड्न स्वतन्त्र भएकोले समाजले पुरुषहरूका क्रियाकलापको चियोचर्चो गर्दैन। पुरुष भएकै कारणले स्वतन्त्र र निस्फिक्रिसाथ विचरण गर्ने अधिकार पाएका हुन्छन्। नारीहरूले इच्छा, चाहना र रहरहरूको पोको एकातिर थन्क्याएर पुरुषकै अधिनस्त भएर सिङ्गो जीवन निर्वाह गरेका हुन्छन्। लोग्नेको अधिनस्त भएर लोग्नेको शोषणमा बसेर जीवन व्यतित गर्नुपर्ने पुरुषसत्तात्मक संस्कार र दासताबाट अमिताकी आमा मुक्त हुन खोजेकी छैनन्, यसलाई उनले नारी भएकाले नै स्वीकार्नु पर्ने विचार प्रस्तुत गरेकी छिन्। अमिताकी आमामा पुरुषसत्तात्मक समाजका कहिल्यै नउखेलिने, नमेटिने गरी असमान, थोत्रा, परम्परागत मान्यता, व्यवहार र संस्कारहरूले जरा गाडेर बसेका छन्। यसरी अमिताकी आमा पितृसत्ताद्वारा निर्माण गरिएका एकतन्त्रीय, एकपक्षीय सामाजिक आदर्शलाई समर्थन गर्दै श्रीमानका ज्यादती, अन्याय, अत्याचार र यौन उत्पीडन सहेर बाँच्न बाध्य नारी प्रतिनिधि पात्र बन्न पुगेकी छिन्।

> त्यसैगरी यो पुरुषप्रधान समाजले पनि आइमाईलाई तँ कमजोर, तँ लोग्ने मानिसको सम्पत्ति, तँ लोग्नेमानिसद्वारा शासित भनेर घोक्र्याइरह्यो। जसले गर्दा आईमाइहरू आफू लोग्ने मानिस भन्दा कमजोर, लोग्ने मानिसभन्दका सम्पत्ति र लोग्ने मानिसद्वारा शासीत हुनुमै गौरव गर्दै हाइरहेको भैले महसुस गरेकी छु। मेरी आमा यसै प्रकरणकी एउटी उदाहरण हुन पुगेकी आईमाई हुन्। (पृ. ४५-४६)

पुरुष सत्तात्मक समाजले नारीहरूलाई होसमा आएदेखि नै तँ तल्लो दर्जाको, वर्गको, कमजोर र अधीनस्त भनेर सम्बोधन गर्ने गरेको कारण मानसिक रूपमै नारीहरू त्यही त्यही गर्न बाध्य भएका छन्। पुरुषहरूको स्वामीत्वको सम्पत्ति संरक्षण, सन्तान उत्पादन गर्ने मेसिन, पुरुषहरूका ईसारामा बाँच्नुपर्ने कठिन जीवन, आर्थिक रूपमा परनिर्भर महिलाहरूमाथि पुरुषसत्तात्मक समाजको पुरुषहरूले सधैं शासन गरिहन्छन्। महिलालाई खेलौना वा वस्तुबाहेक अरु केही नठान्ने पुरुषहरूले आफू पुरुष हुनुको हैकम र व्यवहारबाट प्रताडित, निरीह, नारीहरूले लोग्ने मानिसको सामथ्र्य र इज्जत घरका नारी नै हुन् भन्ने विचार कथामा प्रस्तुत गरिएको छ। नारीहरूले जस्तो नै दुःख, कष्ट, अभाव, रिक्तता र बेमेल जीवन भोगेपनि घरको इज्जत, लोग्नेको इज्जतमा अल्झिरहेका देखिन्छन् र पुरुषसत्ताले उम्किनै नसक्ने गरी आवाजविहिन बनाएको छ। पुरुषका महिला विरोधी विचार र व्यवहारहरूसँग लड्न, विद्रोह गर्न, भत्काउन र ध्वस्त गर्न आमा पुस्ताका नारीहरू असमर्थ छन्, लोग्नेको सम्पत्ति र इज्जतमा नै गौरव गर्दै आइरहेका नारीहरूकी एक ज्वलन्त प्रतिनिधि पात्र अमिताकी आमा बन्न पुगेकी छिन्।

> मेरी आमासँगको सुखद् घरगृहस्थी हुँदाहुँदै पनि मेरो बुवाले अरु दुईवटा स्त्रीसँग वैवाहिक सम्बन्ध कायम गर्नु भएको थियो। पुरुषको भाग्य र आफ्नो कर्म भनेर मेरी आमाले मेरा बुवाको कहिल्यै

विरोध गरेको मलाई थाहा छैन् । त्यसबेला म बयसन्धि पार गर्न लागेकी थिएँ। अर्को घरजम गरेपछि बुवा हाम्रो घरमा हप्ताको एकदिनका लागि मात्र आउनु हुन्थ्यो । (पृ. ४६)

पुरुषसत्तात्मक समाजका पुरुषहरू सुन्दर घरपरिवार, सुशिल श्रीमती र सन्तान हुँदाहुदै पनि अन्य स्त्रीहरूसँग वैवाहिक, विवाहेत्तर सम्बन्ध कायम गर्न अप्ठ्यारो मान्दैनन् । पुरुष भएकै कारणले समाजले उनीहरूमाथि औला तेस्र्याउदैँन्, समाज र परिवारबाट बहिष्कार गर्दैन । त्यसैले पुरुष मनपरी ढङ्गले व्यक्तिगत स्वार्थका निम्ति विवाहेत्तर जति पनि सम्बन्ध गास्न पछि पर्दैन र यसलाई आफ्नो पुरुष हुनुको गर्वबोध गर्छ । समाजका कथित नियम र संस्कारका विरुद्ध जाने हिम्मत नारीहरूलाई हुँदैन र पुरुषको भाग्यमा सबै सुख हुन्छ, नारीहरूको कर्म यस्तै हो भन्ने मान्यता बोकेर जस्तो सुकै कठिन परिस्थितिमा पनि सहनु नै धर्म हो भन्ने विचार राख्दछन् । श्रीमान्ले जति गुँडमा विचरण गरेपनि उप्रति घृणा, आक्रोश, विद्रोह र सम्बन्धविच्छेद गर्न असमर्थ हुन्छन् । सामाजिक संस्कार, इज्जत र सन्तानको जिम्मेवारीले यसरी थिचिएका हुन्छन् की त्यहाँबाट उम्किन गोरेटो तय गर्नु भन्दा चुपचाप सहनु नै उचित ठान्दछन् । यसरी सुखद वैवाहिक जीवनलाई तहसनहस गरेर अमर्यादित सम्बन्ध गाँसेका श्रीमान्लाई अमिताकी आमाले हप्ताको एकदिन घरमा आउँदा पनि लोग्नेको दासत्व, यौन शोषण र उत्पीडनबाट मुक्त हुन सकेकी छैनन् ।

आमा किन बुबा छिट्टै जानुभएको ? उहाँ यहीँचाहिँ किन बस्न छाड्नुभयो ?" मेरो प्रश्नले मेरी आमाको घार अझै जिउँदो रहेछ, उहाँ धेरैबेर मौन बस्नुहुन्थ्यो, त्यसपछि गहभरी आँसु पारेर शून्यतामा दृष्टि अड्याउँदै भन्नु हुन्थ्यो, बाबा कान्छी मुमाले बुवा यहाँ आएर बसेको थाहा पाई भने तिम्रा बुवालाई अप्ठ्यारो पर्छ । मेरी आमाका यस्ता कुरा सुनेपछि म भित्र सयकडौं प्रश्नहरू तेर्सिने गर्थे । (पृ. ४६)

पुरुषले समाजमा निर्धक्कसाथ घरभित्र र घरबाहिर एकभन्दा बढी श्रीमतीसँग सम्बन्ध कायम राख्दा पनि श्रीमतीले त्यसलाई विद्रोह गर्नुको सट्टा सहर्ष स्वीकार गर्नु पर्ने अवस्था देखिन्छ । श्रीमान्ले जिम्मेवारीको झुटो मुकुण्डो लगाएर दुइटै श्रीमतीलाई भ्रममा बाँच्न बाध्य बनाएका छन् । फरक–फरक व्यवहार र चरित्र बोकेका दुई नारीले पुरुषसत्तात्मक समाजको निर्लज्ज, यौन शोषक, हिंस्रक र श्रीमतीहरूलाई वस्तुमात्र ठान्ने श्रीमान्प्रति आक्रोस र विद्रोह, गर्ने सामथ्र्य राखेका छैनन् । आँखा अगाडी श्रीमान्को मर्यादाहीन उदाङ्गो चरित्र देखेर पनि स–सम्मान घरमा आश्रय दिनु र आउने दिनको प्रतिक्षा गर्नुले नारीहरू कमजोर मात्र छैनन्, पुरुष प्रधान समाजको जातोमा पिल्सिन बाँध्य भएका छन् भन्ने विचार 'दोस्रो सत्ता' कथामा प्रस्तुत गरिएको छ । यसरी लैङ्गिक दृष्टिकोणले सधैँ तल्लो स्तरका निम्न स्तरका, सीमान्तीकृत, किनारीकृत पारिएका महिलाहरू साच्चिकै पुरुष प्रभुत्वबाट प्रताडित छन्, पुरुषका अधिनस्त भएर बाँध्य भएर बाँचेका छन् र पुरुषले महिलाहरूलाई खेलौना र वस्तु ठान्दै दासत्व ग्रहण गर्न बाध्य पारेका छन् ।

**पुरुषसत्ताप्रति विद्रोह/प्रतिशोध**

नारीमाथिको परम्परागत व्यवहार, धारणा, विचार, पुरुषको हिंस्रक दृष्टिकोणलाई भत्काउनुपर्ने, ध्वस्त गर्नुपर्ने वा तत्काल परिवर्तनको कदम चाल्नुपर्ने र समाजमा लैङ्गिक विभेदको अन्त्य गर्नुपर्ने विचार नै पुरुषसत्ताप्रतिको विद्रोह हो । पुरुषले महिलालाई शक्तिहीन बनाइएकोमा महिलाले पनि पुरुषलाई शक्तिहीन बनाउनुपर्ने र पुरुष सत्ताका संस्कार र ज्यादतीको उन्मुलन गर्नुपर्ने धारणा उग्र वा आमूल नारीवादीहरूको रहेको हुन्छ । 'दोस्रो सत्ता' कथामा कथाकी प्रमुख नारीपात्र अमितामा पनि पुरुषसत्ताप्रति विद्रोही भावहरू जन्मेका छन् ।

हरेक रात संवेगसँगको सहवासमा पनि संवेगलाई आफ्ना बुबाको लोग्ने मान्छे र म आफूचाहिँ आफ्नी आमाको निरीह आईमाईमा रूपान्तरित हुँदै जाने सन्त्रासमा रहन थालेँ । त्यसबेला मैले आफैँ आफूसँग युद्ध लडिरहेँ । मेरी आमाजस्तै निरीह भएर म आजीवन रुन चाहन्नथेँ । मेरो चाहना कुटिल पिताको सत्तामा पुगेर सांसारिक सखभोग गर्ने थियो । (पृ. ४७)

अमिताको लोग्ने संवेग अमिताप्रति निष्ठावान् हुँदा हुँदै पनि पुरुष भएकै कारण अमिताको दृष्टिमा ऊ कसुरदार र अपराधी ठहरिएको छ। आमाजस्तै आजीवन निरीह, कमजोर, लाचार भएर बाँच्ने चाहना उसमा पटक्कै देखिँदैन। कुटिल, अपराधी, निर्लज्ज र आचरणविहीन बुवाको सत्तामा टेकेर पुरुषहरूलेजस्तैं स्वतन्त्रता, स्वाभिमान र संसारका हरेक सुखभोग गर्ने उत्कट चाहना अनितामा देखिन्छ र पुरुष सत्ताको आमूल परिवर्तन गरी नारी अधिकारको स्थापनामा जोड दिएको विचार प्रस्तुत साक्ष्यबाट प्रष्ट हुन्छ।

> म उसलाई मेरो पिताझैं सत्ताधारी बन्न दिनेछैँन्। सृष्टिले स्त्रीले गर्भाधान गर्नुपर्ने संरचनाका कारण पनि पुरुषले स्त्रीमाथि शासन गरेका हुन्। मलाई लाग्छ, जबदेखि सन्ताननिरोधक अस्त्र, शास्त्रहरूको आविष्कार र खुला प्रचारप्रसार भएको छ, त्यसबेलादेखि स्त्री र पुरुषबीच भेद नै के रह्यो र ? आफ्नो इच्छा आकांक्षा अनुसार नै गर्भाधारण गर्न सक्ने प्रविधि भएका कारण स्त्रीहरू पुरुषभन्दा बढी शक्तिशाली भएका छन्। (पृ.४७)

आमूल नारीवादका पक्षधरहरूले पुरुषको यौन प्रभुत्वको विरोध गरिएको पाइन्छ। पुरुषलाई सत्ताधारी बन्नबाट वञ्चित गराउनु पर्दछ भन्ने मान्यता राख्दछन्। सृष्टिदेखि स्त्रीले आफ्नो इच्छा वा अनिच्छाले पुरुषको प्रत्यक्ष सम्पर्कमा रही गर्भाधारण गर्नुपर्ने हुन्थ्यो र पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम राख्दै महिलाको शरीरमाथि शासन चलाउँथे। विज्ञान र प्रविधिको चरम विकाससँगै गर्भाधारणका लागि महिलाले पुरुषको प्रत्यक्ष सम्बन्धमा नै निर्भर रहनुपर्ने अवस्थाको अन्त्य भएसँगै महिलाहरू स्वतन्त्र भएका छन्। पुरुष सत्तात्मक विचार वा व्यवस्थाले नारीमाथि गर्ने यौन उत्पीडन, यौनशोषण र नारीप्रति गरिने दुर्व्यवहारसँग लड्दै पुरुष प्रभुत्वलाई ध्वस्त गर्ने, जरैदेखि निर्मूल पार्ने र लिङ्गकै आधारमा महिलामाथि गरिने विभेदको अन्त्य हुनुपर्ने मान्यता अनिताको विचारबाट प्रस्तुत गरिएको छ। महिलाहरूमा प्राकृतिक रूपले प्रजनन अधिकार भएको र विज्ञान र प्रविधिको विकासले गर्भधारण प्रक्रियालाई झन् सजिलो बनाईदिएको कारण अबका महिलाहरू पुरुषमा आश्रित छैनन्। पुरुषभन्दा बढी शक्तिशाली भएर उनीहरूमाथि पनि शासन गर्न सक्षम रहेका छन् भन्दै मातृत्वको परम्परागत धारणाप्रति विमति राखेको छ।

> मैले संवेगमाथि शासन गर्न थालेको जानकारी मात्र हो। अनुत्तरित र अनवरत तथाकथित सामाजिक नियमअनुसार मेरा अबैध सम्बन्धहरू हुन, जसलाई मचाहिँ मेरा एकबाहेकका लोग्नेकै मान्यता दिन्छु। संवेगलगायत म उनीहरू दुवैसँग सुखभोग गर्ने गर्छु। भैले भोगिरहेका धेरै पुरुषमध्ये नियमित रूपले भोग्ने गरेका यिनै तीन पुरुषहरूमात्र हुन्। त्यो त तीनजनामध्ये अनवरतसँग म चरमतृप्ति प्राप्त गर्दछु। (पृ. ४८)

परम्परादेखि हरेक नारीहरू पुरुषसत्ताको अधीनमा रहेर उत्पीडनहरू भोगेका छन्। त्यसैको एक प्रतिनिधि पात्र अमिताकी आमा हुन्। यस्तै पुरुषसत्तात्मक संरचनाको आमूल परिवर्तन गर्न अमिताले संवेगमाथि आफ्नो हैकम चलाएकी छिन्। आफ्नो लोग्नेसँगको नियमित सम्बन्धमा हुँदाहुदै सामाजिक नियमका विरोधमा अनुत्तरित र अनवरतसँग खुलेआम अवैध यौनसम्बन्ध कायम राखेकी छिन्। परम्परागत मूल्य, मान्यता र संस्कारहरूलाई पूरै ध्वस्त गर्दै नारीसत्तात्मक नयाँ समाजको निर्माणमा अग्रसर बन्ने प्रयत्न गरेकी छिन्। पुरुषले जति विहे गर्न पनि पाउने, अवैध सम्बन्ध राख्दा पनि मौन बस्ने स्थापित सामाजिक संरचनाकाविरुद्ध विद्रोह गर्दै अमिताले सुमधुर वैवाहिक सम्बन्ध हुँदाहुँदै विवाहेत्तर सम्बन्ध कायम राखेकी छिन्। तिनवटै पुरुषहरूको अधिनमा अमिता नभई अमिताको अधिनस्त भएर संवेग, अनुत्तरित र अनवरत बाँचेका छन्। अमिताले मनपरी ढङ्गले उनीहरूमा शासन चलाएकी छिन्। ती पुरुषहरूका आँखामा पनि आफ्नो लागि उस्तै विरहीपन देख्ने अमिता समयक्रमसँगै पुरुषसत्ताको पराजय भएको र आफूले मनपरी ढङ्गले सुखभोग प्राप्त गरेकोमा गौरव बोध गर्दछिन्। यसरी पितृसत्ता र पुरुष प्रवृत्ति नै नारी उत्पीडनको प्रमुख कारण हो, त्यसलाई जरैदेखि उखेल्नुपर्छ भन्ने विचार प्रस्तुत साक्ष्यबाट व्यक्त गरिएको छ।

> परम्परादेखि उनीहरूको पुरुषतत्वले नारीलाई वस्तुसमान एकाधिकार गरी भोग्दै आएका सामर्थ्यवानहरू मेरा कारणले स्वयं भोग्य वस्तुमा परिणत भएका छन् । त्यसैले समयसमयमा यी तीनैजना मसँग विद्रोह गर्न खोज्छन् । कुनै कुशल शासकले चाणक्यनीति अपनाएझैँ म उनीहरूको विद्रोह दमन गर्न सफल पनि नभएकी होइन ।" (पृ. ४८)

परम्परादेखि नै समाजमा पुरुषसत्ताले महिलालाई भोग्य वस्तुका रूपमा मात्रै हेरेको पाइएको छ । कथामा पुरुष वर्चश्वलाई उन्मूलन गर्नुपर्ने र महिलामाथि हुने हिंसा र उत्पीडनको अन्त्य गर्नुपर्ने आवाज उठाइएको छ । पुरुषसँगका पारिवारिक, सामाजिक, नैतिक, धार्मिक सम्पूर्ण सम्बन्धहरूमा नारीहरूको वर्चश्व कायम राख्दै पुरुषलाई भोग्य वस्तुका रूपमा परिणत गर्ने सामर्थ्य हुनुपर्छ भन्ने मान्यता अमिताका माध्यमबाट प्रस्तुत गरिएको छ । नारीहरू जति नै सक्षम र सशक्त भएपनि पुरुषसत्ताले शोषण र दमन गर्ने चेष्टा गरिरहन्छ तर पुरुषसत्ताको शोषण र दमनलाई सफल हुन दिनु हुन्न भन्ने प्रसङ्ग कथामा सशक्त रूपमा आएको देखिएको छ । आजका नारी पुरुषका खेलौना वा भोग्य वस्तु होइनन् उनीहरूले दासत्व स्वीकार गर्न सक्दैनन्, पितृसत्तालाई प्रमुख विरोधी मान्दै पुरुषलेजस्तै नारीहरूले पनि पुरुषमाथि प्रभुत्व कायम राख्न खोज्छन् भन्ने मान्यता कथामा पाइएको छ ।

> तपाईँ बुझ्नु हुन्न, कुनै पुरुष र ममा के फरक छ ? म हरेक दृष्टिमा बलियो छु । कुनै पनि पुरुषसँगको हरेक प्रतिस्पर्धामा म विजयी बन्न सक्छु । यस संसारमा सृष्टिको सुरुवातदेखि नै बलियाले निर्धामाथि शासन गर्दै आएका छन् । तपाईँ कमजोर हुनुहुन्थ्यो, त्यसैले तपाईँमाथि पुरुषले शासन गरे, अब म बलियो छु । त्यसैले मैले पुरुषमाथि शासन गरिरहेकी छु । आमा मैले कुनै गलत काम गरेकी छैन् । यो नौलो कुरो पनि हैन् । यो मात्रै सत्ता परिवर्तन हो । (पृ. ५०)

वर्तमान समयका नारी निडर, आत्मनिर्भर र स्वतन्त्र छन् । त्यसकारण पुरुष र नारीमा कुनै फरक छैन् । पुरुषसँग प्रतिस्पर्धि बन्दै समानान्तर वा उछिनेर अघि बढ्ने सामर्थ्य राख्दछन् । परम्परादेखि पुरुषहरूलाई समाजले स्वतन्त्र र शासक हुने अनुमति दिएकाले नै उनीहरू बलियो भएका हुन् र नारीमाथि शोषण, अन्याय, अत्याचार र उत्पीडन गरेका देखिन्छन् । नारीलाई अधिनस्त बनाएका देखिन्छन् । आमाले पुरुषसत्ताप्रति विद्रोह गर्न नसकेको कारण उहाँ पीडामा पर्नु भयो, उहाँमाथि पुरुषले आफ्नो हैकम चलाउँदै शासन गर्दै गएको विचार व्यक्त गरिएको देखिन्छ । अमिताले अब आफु कमजोर नभएकी र पुरुषको अधिनस्त नभएर स्वतन्त्र, स्वाभिमान र निडरकासाथ पुरुषसत्तामाथि शासन गरिरहेकीले आमाले डराउनु पर्ने, आश्चर्य मान्नुपर्ने अवस्था रहेन भन्दै आमालाई आश्वस्त पार्न खोजेकी छिन् । पुरुषसत्तात्मक समाजमा महिलाका विचार, धारणा, इच्छा र आवश्यकता गौण हुने भएपनि अमिताले आफुले पुरुषसत्ताको परिवर्तन गरी नारीसत्ताको स्थापना गर्न खोजेकोले अमिता शोषित नभई शासक बनेकी छिन् । परपुरुषसँग सम्बन्ध गाँस्दैमा डराउनुपर्ने, रुनुपर्ने, अवस्था छैन्, बरु छोरीमाथि गर्व गर्नुहोस् भन्दै समाजमा पूर्णतः उग्र वा आमूल परिवर्तन गरी सत्ता परिवर्तन गर्ने लक्ष्य भएको विचार अमिताको माध्यमबाट प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा यसरी पुरुषसत्तात्मक समाज पुरुषवर्ग र महिलावर्गमा विभाजन भई असमानताको गहिरो खाडलमा डुबेको छ । परम्परादेखि महिला र पुरुष दुबैबीच सत्ता र संघर्षको सम्बन्ध छ । पुरुष सधैं सत्तासीन हुने र महिलाले संघर्ष गरिरहने पितृसत्तात्मक हैकमको 'दोस्रो सत्ता' कथामा अमिताका माध्यमबाट पूर्ण रूपमा अस्वीकार गर्न खोजिएको छ र समाज रूपान्तरणका लागि आमूल परिवर्तन हुनुपर्ने विचारहरू व्यक्त गरिएको छ ।

### 'दोस्रो सत्ता' कथामा आमूल नारीवाद प्रस्तुतिको प्रयोजन

पितृसत्तात्मक समाजमा नारीहरू जति नै सक्षम, सबल, सशक्त र चेतनशील भएपनि पुरुषसत्ताले लिङ्गभेदकै आधारमा शोषण, दमन गर्ने चेष्टा गरिरहन्छ र सकेसम्म अधीनस्त बनाउने कोशिस गर्छ । पुरुषसत्ताको शोषण र दमनलाई एकतर्फी रूपमा वर्चश्व कायम गर्न दिनु हुन्न भन्ने प्रसङ्ग कथामा सशक्त रूपमा आएको छ । आजका नारी पुरुषका

खेलौना वा भोग्य वस्तु होइनन्, उनीहरूले दासत्व स्वीकार गर्न सक्दैनन्, पितृसत्तालाई प्रमुख विरोधी मान्दै पुरुषलेजस्तै नारीहरूले पनि पुरुषमाथि प्रभुत्व कायम राख्न खोज्छन् भन्ने मान्यता कथामा पाइएको छ । "आमा ! अब तपाईँकी छोरी शासित रहिन, ऊ शासक भएकी छ, तपाईँले गर्व गर्नुपर्ने ।" वर्तमान समयका नारीहरू घरको चार पर्खालभित्र पुरुषको हैकममा मात्रै अब बस्न सक्दैनन्, आफ्नो स्वतन्त्र हक, अधिकारका लागि बुलन्द आवाज उठाउन सक्छन् । पुरुषसत्तात्मक समाजमा महिलाका आवाज गौण बनाइने भएपनि 'दोस्रो सत्ता' कथामा पुरुषसत्ताको आवाज र हैकमवादी प्रवृतिको परिवर्तन गरी नारीसत्ताको स्थापना गर्न खोजेकोले अमिता शोषित नभई शासक बनेकी छिन् । "मैले भोगिसकेका धेरै पुरुषहरूमध्ये नियमित रूपले भोग्ने गरेका यिनै तीन पुरुषहरू मात्रै हुन् । यी प्रत्येकलाई मैले निश्चित समय दिएकी छु । मेरा यी तीनओटै पुरुषहरू प्रत्येकले मैले ऊबाहेक अर्को पुरुषसँग संसर्ग गरेको मन पराउँदैनन् ।" एउटी नारीको भावना र अधिकारको अवमूल्यन गरी बहुविवाह गर्ने र अन्य महिलाहरूसँग समेत अनैतिक सम्बन्ध राख्ने अघिल्लो पुस्ताको आफ्नै बुवाले बाँचेको जीवनलाई नजिकबाट नियालेकी अमितामा घृणा र प्रतिशोधको भावना उत्पन्न भएको छ । त्यसैले आफूले पनि शासक बन्न लोग्नेबाहेक अन्य पुरुषसँग पनि सहजै सुखभोग गर्नुलाई सामान्य रूपमा लिएकी छिन् । यसरी आफू बाँचेको समाजमा पुरुषसँगका पारिवारिक, सामाजिक, नैतिक, धार्मिक सम्पूर्ण सम्बन्धहरूमा नारीहरूको वर्चश्व कायम राख्दै पुरुषलाई भोग्य वस्तुका रूपमा परिणत गर्ने सामथ्र्य हुनुपर्छ भन्ने मान्यता अमिताका माध्यमबाट 'दोस्रो सत्ता' कथामा प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

नेपाली वाङ्मय क्षेत्रकी साधक र नारीवादी विचार वा धारणाकी पक्षधर इन्दिरा प्रसाईँ आधुनिक कथा लेखनका क्षेत्रमा सशक्त नाम हो । नेपाली समाजमा विद्यमान रहेको पुरुषसत्ताको अवस्था, रुढीवादी, परम्परागत लैङ्कि विभेद, अन्धविश्वास, असमानता, नारीमाथि हुने हिंसा, अन्याय, अत्याचारलाई मूलभुत विषयवस्तु बनाएर कथा सिर्जना गर्ने प्रसाईँको 'दोस्रो सत्ता' कथा सशक्त उग्र वा आमूल नारीवादी कथा हो । नारीवादी विषयलाई विषयवस्तु बनाएर त्यसकै केन्द्रीयतामा लेखिएको 'दोस्रो सत्ता' कथा पाश्चात्य नारीवादी प्रयोगका दृष्टिले उत्कृष्ट कथा हो । आलेखमा नारीवादका विभिन्न धाराहरूमध्ये उग्र वा आमूल नारीवादका दृष्टिकोण र मान्यताहरूको विश्लेषण गरिएको छ । आजका नारीहरू पुरुषहरूद्धारा शासितमात्र छैनन्, पुरुषहरूमाथि शासन पनि गरिरहेका छन् । नारीहरूले घरपरिवारमा मात्रै सिमित रहनुपर्ने अवस्थाको विस्तारै अन्त्य हुँदै गएको र आफ्नो अस्तित्व एवम् पहिचानका लागि सशक्त रूपमा आवाज उठाउन सक्दछन् भन्ने मान्यता प्रस्तुत गरिएको छ । आलेखमा एकातिर पितृसत्ताको चङ्गुलमा बाँच्न बाध्य नारीहरूको जीवन भोगाईमा आधारित रही विश्लेषण गरिएको छ भने अर्कातिर पितृसत्तात्मक समाजको विभेदकारी मूल्य, मान्यता र संस्कारको विरुद्धमा उभिएर आफ्नो सत्ता निर्माणका लागि र नारी मुक्तिका लागि आवाज उठाइएको पक्षको अध्ययन गरिएको छ । यसरी 'दोस्रो सत्ता' कथालाई उग्र वा आमूल नारीवादी दृष्टिकोणले अध्ययन गरी नारी अस्तित्व, नारी विद्रोह, नारी स्वतन्त्रता र पुरुषहरूमाथि नारी प्रभूत्व कायम गरिएको विचार प्रस्तुत गरिएको छ । परम्परादेखि समाजमा वर्चश्व कायम राख्दै आएका पुरुष एकाधिकारको भञ्जन गरी नारीसत्ता कायम गर्नका लागि नारीहरूको भूमिका महत्त्वपूर्ण रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, ज्ञानु (२०६८). *नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण*, पैरवी प्रकाशन।

अधिकारी, ज्ञानु (२०७७ फागुन). *नारीवादी समालोचनाका धारा र मान्यताहरू. भृकुटी*, २३. पृ.९४–९५।

प्रसाईँ, इन्दिरा (२०७१). *विश्व नारी नेपाली कथा*. इन्दिरा शाह र उषा हमाल (सम्पा.). त्रिमूर्ति निकेतन।

बराल, ऋषिराज (२०७७ फागुन). *नारीवाद, उत्तरनारीवाद र सर्वहारा नारीवाद*. *भृकुटी*, २३. पृ.८८।

लुइटेल, गोविन्दप्रसाद (२०७७ फागुन). नारीवादी चेतना : सन्दर्भ पारिजातको कथा. *भृकुटी*, २३, पृ. १५८।

त्रिपाठी, सुधा (सन् २०१२). *नारीवादी सौन्दर्य चिन्तन*. भृकुटी एकेडेमिक पब्लिकेशन।

त्रिपाठी, सुधा (२०७६). *पाश्चात्य नारीवाद र त्यसको स्वरूप*. रत्न बृहत समालोचना. (सैद्धान्तिक खण्ड), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा. पृ. २१०–२११). रत्न पुस्तक भण्डार।

Guerin, Wilfred & others (1999). A handbook of critical Approaches to literature, Oxferd university press.

Tuna, Nancy & Tong Rosemarie (1995). Feminism and philosopy, Boulder, son Feancisco, westview press.